# स्वामीकार्तिक खापर गाउँपालिका

## सुईजीउला, वाई, बाजुरा

## सुदूरपश्चिम, प्रदेश, नेपाल

## स्वामीकार्तिक खापर गाउँपालिकाद्वारा प्रकाशित:

# स्थानीय राजपत्र

**खण्डः १०** **संख्याः २** **मितिः २०८३/०३/३२**

**भाग १**

**स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८३**

**प्रस्तावनाः**

स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को सेवा र कार्यहरुका लागि संञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले नेपालको संविधान धारा २२९ को उपधारा २ ले दिएको अधिकार प्रयोग गरी,

स्वामीकार्तिक खापर गाउँ सभाले संञ्चितकोषबाट रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा ऐन बनाई लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (क) यस ऐनको नाम स्वामीकार्तिक खापर गाउँपालिकाको विनियोजन ऐन २०८३ रहेको छ।

(ख) यो ऐन २०८३ साउन १ गते देखि प्रारम्भ हुने छ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "ऐन" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको विनियोजन ऐन २०८३ सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले स्वामीकार्तिक खापर गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ग) "गाउँपालिका" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिका सम्झनुपर्छ।

(घ) "सभा" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान २०७२ सम्झनुपर्छ।

**३. आर्थिक वर्ष २०८३/०८४ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने अधिकार** : (१) आर्थिक वर्ष २०८३।०८४ को नियमित गाउँ कार्यपालिका, वडा कार्यालय , विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत जम्मा गरी रकम रु. ४५,१४,५५,२४०।७८ (अक्षरेपी पैंतालिस करोड चौध लाख पच्पन्न हजार दुई सय चालीस रुपैयाँ अठ्हत्तर पैसा ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम गाउँपालिका सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**४. विनियोजन** : (१) यस ऐनद्वारा संञ्चितकोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त स्वामीकार्तिक खापर गाउँपालिकाको गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ।

उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकमा जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिने छ।

(३) पूँजीगत खर्च वित्तिय व्यवस्थापन अन्त्रगत विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्त्रगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्ने सकिने छ। गाउँपालिकाको वित्तिय समानीकरण शिर्षकको रकम पूँजीगत शिर्षकमा मात्र खर्च गर्नुपर्नेछ। चालु शिर्षकको रकम आवश्यकता अनुसार पुँजिगत शिर्षकमा रकमान्तरण गरी खर्च गर्न सकिनेछ।

(४) उपदफा (२) महामारी, प्राकृतिक विपद जस्ता असामान्य अवस्था सिर्जना भई स्रोत अभाव हुन गएको अवस्थामा एक अनुदान संकेतबाट अर्को अनुदान संकेतमा रकम सार्ने सिमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ। यसको अनुमोदन गाउँ सभाबाट गराउनु पर्नेछ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | २८,३९,३७ | १६,७५,१७ | | ४५,१४,५५ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

**आज्ञाले**

**नामः रमेश सिंह भण्डारी**

**पदः प्रमुख प्रशासकीय अधिकृत**